**तातोपानी गाँउपालिका,**
**४ न. वडा को संक्षिप्त परिचय :**




भौगोलिक संरचनाको आधारमा जुम्ला जिल्लाको कुल भूभाग मध्ये ५२५. ५१ वर्ग कि.मि. क्षेत्रफल रहेको तातोपानी गाँउपालिकाका ८ वटा वडाहरु भित्र पर्ने वडा नं ४ साविकको सिंगो हाँकु हो, यसले गाँउपालिका को कुल भूभाग मध्ये २३.०९ वर्ग कि.मि. क्षेत्रफल ओगटेको भोगौगोलिक हिसावमा दोस्रो स्थानमा पर्ने वडा हो । विश्व मान चित्रमा २९ डिग्री ०.४ मिनेट देखी २९ डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ५ मिनेट देखी ८२ डिग्री १४ मिनेट पूर्वी देशान्तरमा फैलिएको यो वडा समुद्ध सतहको २००० मि. देखी ४६०० मि. को उचाईमा अबस्थित यस ४ नं वडाको जनसंख्या २०६८ को जनगणना अनुसार. २७८९ जनसंख्या र ५६८ घरपरिवार रहेको छ भने यस वडामा गिडिखोला, नियापानी, पर्नेर्थी पाण्डेवाडा, हाँकु, जैतपूर र गौतम्वाडा जस्ता साना र ठूला गरि ६ वटा गाँउबस्तीहरु रहेकाछन् भने यस वडाको पूर्वमा गोठिचौर गाँउपालिका र केही भूभाग जाजरकोट जिल्ला, पश्चिममा वडा नं २ डाँगीवाडा, दक्षिणमा तिलानदी र चन्दननाथ न.पा १० कार्तिकस्वामी र उत्तरमा वडा नं ७, ८ र जाजरकोट जिल्लाको क्षेत्र पर्दछ । यस वडाको मुख्य केन्द्र वडा कार्यालय हाँकु गाँउमा रहेको छ । यहाँ उपाध्याय, पाण्डे, न्यौपाने, रोकाया, गौतम्, भट्राई, चौलागाई, सेजुवाल, देवकोटा, समाल, हमाल, धिताल, खत्री, जैशि, डाँगी, थापा, बोहोरा, महत, रावत, रावल, बिष्ट, गिरी, कामी, सार्की, दमाई, सुनार, तिरुवा, पराजुली, धरला आदी मुख्य जातजातीहरु बसोवास गर्दछन् ।

**क) सामाजिक विकास क्षेत्रको स्थिती :**

तातोपानी गाँउपालिका को ४ नं वडामा १ वटा माध्यामिक र ४ वटा आधारभुत गरि ५ वटा बिद्यालयहरु, १ वटा ईलामा स्वास्थ्य चौकी र हाँकु प्रहरि चौकी जस्ता सामाजिक विकास संस्थाहरु रहेका छन् ।

**<u>बिद्यालयहरु :</u>**

१. श्री नेत्रज्योती मा.बि. ठाँटाचौर,
२. श्री गणेश आधारभुत बिद्यालय, गिडिचौर,
३. श्री मष्टा आधारभुत बिद्यालय, नियापानी,
४. श्री त्रिभेणी वालज्योती आधारभुत बिद्यालय, हाँकु,
५. श्री मालिका आधारभुत बिद्यालय, गौतम्वाडा,

**स्वास्थ्य चौकि :**

१. श्री ईलाका स्वास्थ्य चौकि, हाँकु,

**प्रहरी चौकी :**

१. श्री प्रहरी चौकी हाँकु (ऐरेनी)

**ख) आर्थिक विकास क्षेत्रको स्थिती :**

**यस तातोपानी गाँउपालिका वडा नं ४ मा स्थापना भएका आर्थिक विकास क्षेत्रमा योगदान पुर्‍याउने खालका महत्वपूर्ण औधोगिक क्षेत्रहरु र अन्य आर्थिक लाभका क्षेत्रहरु निम्न अनुसार रहेका छन् ।**

१. गिरिखोला जालपादेवी बिद्युत सहकारी संस्था, गिडिखोला
२. गिडिदह महिला सहकारी संस्था लि., हाँकु
३. कालापानी कृषि समुह संस्था, गिडिखोला
४. धौलिगाढ कृषि बिउ बिजन सहकारी संस्था लि. हाँकु
५. चौपट सामुदायिक बन उपभोक्ता समिति, हाँकु
६. नौधारी सामुदायीक बन उपभोक्ता समिति, गौतम्वाडा
७. थलाचौर सामुदायीक वन उपभोक्ता समिति, नियापानी
८. जालपादेवी सामुदायिक वन उपभोक्ता समिति, पर्थेनी
९. सिद्धिगणेश सामुदायिक वन उपभोक्ता समिति, गिडिखोला
१०. साझेदारी पंक्षि पालन उद्योग, गिडिखोला
११. गौतम् कृषि तथा पशुपंक्षि पालन उद्योग, गौतम्वाडा
१२. न्यू मालिका धारा फलफुल नर्सरी, गिडिखोला
१३. न्यौपाने फर्निचर उद्योग, हाँकु
१४. हिमालय फर्निचर उद्योग, हाँकु

**ग) पूर्वाधार विकास क्षेत्रको स्थिती :**

यस वडाका सबै बस्तीमा कच्ची ग्रामीण सडकहरु बनेका भएपनी कर्णाली राजमार्ग सम्म जोड्नको लागि मुख्यतया हाँकु साँधु पक्की पुल बन्न नसकेको स्थिती रहेको छ भने वडा कार्यालय केन्द्र देखी गिडिखोला र गौतम्वाडा जोड्ने पाण्डेवाडा पक्की पुल र चुम्लासाधु पक्की पुलको समेत अभाव रहेकोछ । यस वडाका अधिकांश बस्तीहरुका एक घर एक धारोको पहँच पुगेको र नियपानी बस्तीमा प्रयाप्त खानेपानीको व्यवस्था हुन नसकेको अबस्था छ । २०७८ असोज ३१ र कार्तिक १ मा परेको अबिरल बर्षदका कारण गिडिखोला नदिको बहाव बढ्दा गाँउ गाँउमा जोड्ने काठेपुलहरु, सिचाई कुलाहरु र साना जलबिधुत आयोजनाका बाँधहरु, नदिले खेतीयोग्य जमिन कटान, बिद्यालयको संराचनाहरु भत्केको क्षेती गरेकोले पूर्न निर्माण कार्यमा जोड दिनुपर्ने स्थिती रहेको छ ।

**घ) कृषि, बन तथा वातावरण क्षेत्रको स्थिती :**

यस तातोपानी गा.पा ०४ नं वडा को कुल भूभाग मध्ये ५५ प्रतिशत बनक्षेत्र र ४५ प्रतिशत खेतीयोग्य जमिन रहेको यस वडाका मानिसहरुको प्रमुख खाद्य बालीमा कालि मार्सि धान, जौ, कोदो, चिनो, आलु, गहँ र स्याउ, ओखर जस्ता फलफुल उत्पादन हुने क्षेत्र हो । यहाँको जंगलमा देवदियार, सल्लो, लौठसल्लो, झुलो, निगालो, डाँलेचुक, खँर्सु, धुपी जस्ता रुख र प्रयाप्त पानीका स्रोतहरु भएको ठाँउ हो । यस वडामा अबस्थीत बनमा कस्तुरी मृग, धोरल, झारल, थार, रतुवा, बाघ,भालु र लोपउन्मूख प्रजातीको रेडपाण्डा जस्ता जंगली जनावरहरु, गुच्ची च्याउ, यर्सागुम्वा, पाँचऔले, सुगन्धवाल, सेतकचिनी, सतुवा, जटामसी, खिरौलो, गन्धाईनो जस्ता जडिबुटीहरु पाईनुको साथै प्रयाप्त पाटन क्षेत्र भएको वडा हो ।

**ङ) पर्यटन तथा धार्मीक क्षेत्र :**

गिडि दह (ताल), (जिल्ला कै सबै भन्दा ठूलो ताल), जोगिनी दह, बिष्ट ज्यू, खानी दह, ढाण दह, लडे दह, पाले दह जस्ता ताल तलैया, घोडापाईला, भण्डार बन, भूरीचुल्ला देवी, नाचलढुगी मन्दिर, थलाचौर मन्दिर, महादेव मन्दिर, कालिका मन्दिर, गणेश गुफा, देउता निस्केका गैरा, जालपादेवी, नौधारी धारा, त्रिभेणी दोभान, सुमज्यू जस्ता देव स्थल, फुलचउल्या, लामाचौर, ढाग्रे, भ्याउन्या खर्क, गैरी गुम, ऐरीजाल, भदाल्या, गाडखर्क, खानी, माझपाटन, बजेडी, लसुनवाडी, नाना हाँका, ठूला हाँका, दुनी पुनाली, धप्के, धौलिगाढ, हणन्या, गुइया दुला, भुसी भदाली जस्ता पाटन क्षेत्र, सुवाकोट दरवार आदी ।

**२. जनप्रतिनिधिहरुको परिचय :**

| क्र.स | पदाधिकारीको नाम | प्द | सर्म्पक नम्वर | ईमेल ठेगाना |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | श्री अमर बहादुर रोकाया | वडा अध्यक्ष | ९८४८३००२४९ | कबचदमचयपबथब२न्कबषीअयफ |
| २. | श्री गोरिकला कामी | दलित म.सदस्य | ९८४३११९६५७ | |
| ३. | श्री शोभा चौलागाई (पाण्डे) | खुल्ला म.सदस्य | ९८६४७४९१२० | |
| ४. | श्री बली सार्की | खुल्ला सदस्य | ९७४५८८१११४ | |
| ५. | श्री बिष्णु बहादुर हमाल | खुल्ला सदस्य | ९८४८३९१६५० | |

**३. वडा कार्यालयमा कार्यरत कर्मचारी जनशक्ति**

| क.स | पदाधिकारीको नाम | प्द | सर्म्पक नम्वर |
|---|---|---|---|
| १ | श्री टिकराज न्यौपाने | वडा सचिव (सुचना अधिकारी) | ९८५८३२२४७४ |
| २. | श्री प्रेमप्रकाश न्यौपाने | प्राबिधिक सहायक | |
| ३. | श्री नन्द प्रसाद जैशि | वडा सहायक | ९८४८३०२२८८ |
| ४. | श्री तिल न्यौपाने | कार्यालय सहयोगी | ९८४८३१९३३२ |

**४. वडा कार्यालयको सर्म्पक नम्वर र ईमेल :**

**सर्म्पक नम्वरहरु : ९८४८३००२४९**

**९८५८३२२४७४**

**ईमेल :** तबतयउबलष्ककअण्ड्ढ२न्कबषीअयफ





